# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७७/७८
**चलानी नं. :-**

मितिः- २०७७/११/२३

## रसायनिक मल विक्रेता दर्ताका लागि आवेदन दिने सम्बन्धि सूचना !

(दोस्रो पटक प्रकाशित मिति २०७७/११/२३)

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायले च.नं. २२ मिति २०७७/०५/१८ गतेको प्राप्त पत्रानुसार नेपाल सरकारको "अनुदानमा मल वितरण व्यवस्थापन निर्देशिका २०७७" को परिच्छेद ३ को दफा १५ अनुसार 'स्थानीय तहहरुमा रसायनिक मल विक्रेता नियुक्तिको' लागि मिति २०७७/०७/१९ गते प्रथम पटक सूचना आह्वान गरेतापनि विविध कारणले निर्णयमा पुग्न नसकेकोले गर्दा मिति २०७७/११/०१ गतेको कार्यपालिका वैठकले "रसायनिक मल विक्रेताको" छनौट गर्ने अधिकार सम्बन्धित वडा कार्यालयलाई सुम्पिदै दस्रो पटक सूचना प्रकाशित गर्ने निर्णय गरेकोले यो सूचना "कृषि सहकारी संस्था फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजात सहित मिति २०७७/११/३० गते सम्ममा औरही नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिलः-</u>

१. निवेदन
२. सहकारी संस्था फर्म वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
३. विगत दुई आ.व.को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि,
४. स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण,
६. नाप तौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायत भौतिक पूर्वधारको विवरण,
८. नेपाली नागरिकताको प्रतिलिपि,
९. वडा कार्यालयको सिफारीस।

.....................
नविन ज्ञवाली
नि. प्रमुख प्रशासकीय अधिकृत